बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

बागमती प्रदेश, नेपाल

आ.व. २०८१/०८२ को लागि

# आन्तरिक आय संकलनको बोलपत्रको फाराम

ठेक्काको विवरण : ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरण

बोलपत्र नं.: BRM/NCB/SRBM/IR/003/2081/082

प्रकाशन गर्ने कार्यालयः बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर।

प्रकाशित मितिः २०८१/०९/०३

# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको
## नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री शुल्क उठाउने ठेक्का वन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना


**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेश आर्थिक ऐन, २०८१ ले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रहरु वा म्याद थप सहितको प्रमाणपत्र संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सूचना नं. | वोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | न्यूनतम वोलपत्र रकम (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम(रु.) | वोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/SRBM/IR/003/2081/082 | बागमती गा.पा. अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको ऊत्खनन्, संकलन तथा बिक्री गर्ने | १५४३१२४.६५ | १०८०१८७२.००/- | कबोल अङ्कको ३% | ३,०००/- |

वोलपत्र सम्बन्धी शर्तहरु तथा थप जानकारीका लागि bagmatimun.makwanpur@gmail.com मा सम्पर्क गर्नुहोला अथवा www.bolpatra.gov.np बाट पनि Download गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत


शर्तहरुः

१. इच्छुक फर्म वा कम्पनीले नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र वा म्याद थप सहितको प्रमाणित प्रतिलिपि, वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा सानिमा बैंकको बागमती शाखामा रहेको यस कार्यालयको बागमती गा.पा. ग-१.१ आन्तरिका राजश्व खाता, खाता नं. ०६२०१००४००००००३ मा नगद जम्मा गरेको नगद भौचरका साथ मिति २०८१/१०/०४ गते दिनको १२:०० बजे सम्ममा विद्युतीय माध्यमबाट वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट वोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैङ्क खातामा तल उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।
२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अङ्कको ३ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको सानिमा बैंकमा रहेको यस कार्यालयको बागमती गा.पा. ग-३ स्थानीय तह धरौटि खाता, खाता नं. ०६२००२००००००२ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा इजाजत प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र बुझाउन पाउने अन्तिम मिति देखी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्डको सक्कल प्रति सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम मितिको दिनको १४:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
४. प्रि-बिड बैठक मिति २०८१/०९/२३ गते दिनको १२:०० बजे बागमती गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
६. म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.क दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाई दोश्रो किस्ता बापत बाँकी रकमले हुने रकममा १०% थप गरी नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा २०८२ साल साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी (PERFORMANCE SECURITY)

समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

८. यस गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्महरुले सो रकम नबुझाएको खण्डमा बोलपत्र स्वीकृत गरिने छैन।

९. स्थागत आवेदकको हकमा आफु यस्तो बोलपत्र दाखिला गर्न अयोग्य नभएको भनी स्वःघोषणा गरेको पत्र अनिवार्य पेश गर्नुपर्नेछ अन्यथा बोलपत्र स्वीकृत गरिने छैन।


१०. तोकिएको म्याद भित्र पट्टा उठाउन नसकेमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिने छ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ।साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

११. यहाँ उल्लेख नगरिएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन।

नोटः विस्तृत जानकारीको लागि सम्पर्कः

नामः ओम बहादुर दर्जी
पदः प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क नं.: ९८४९१६२७७२

नामः टोनी प्रकाश चौधरी
पदः इन्जिनियर
सम्पर्कनं.:
९७६५७४४१५/९८६६४८४८३४





१२. उत्खनन् गर्नुपर्ने परिमाण को विवरण।

| सि.नं. | क्र.स | खण्ड | स्थान | Co-ordinate | | परिमाण (घ.मि.) | परिमाण (घ.फी.) |
|---|---|---|---|---|---|---|---|
| | | | | अक्षांश (Latitude) | देशान्तर (Longitude) | | |
| १ | १ | | धनसाई खोला १ | ६३६७६७ | ३०२५३४३ | ४४८०.०० | १५८०८८.२३ |
| | २ | | धनसाई खोला २ | ३३७७३५ | ३०२५४१ | ८४००.०० | २९६४१५.४४ |
| | ३ | | चौरा खोला १ | ३३८७६७ | ३०२६१६७ | ५४००.०० | १९०५५२.७८ |
| | ४ | | चौरा खोला २ | ३४१२९८ | ३०२४४६९ | ६६००.०० | २३२८९७.८४ |
| | ५ | | मन्साई खोला १ | ६२६७६७ | ३०२५३४३ | ९१००.०० | ३२१११६.७२ |
| | ६ | | मन्साई खोला २ | ३३९५८९ | ३०२४७६७ | ९७५०.०० | ३४४०५३.६३ |
| | | | जम्मा परिमाण | | | ४३७३०.०० | १५४३१२४.६५ |

<u>नदीजन्य पदार्थहरु उत्खनन् घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरु</u>

१. उत्खनन् कार्य गर्दा कामदार सुरक्षा विमा सम्बन्धी व्यवस्था, न्यूनतम ज्याला भुक्तानीको व्यवस्था ठेकेदार आफैंले मिलाउनु पर्नेछ ।

---

२. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

३. यस गाउँपालिका भित्रको नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र २०७९, बागमती प्रदेश आर्थिक ऐन, २०८१ तथा नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु(वातावरण संरक्षण ऐन तथा नियमावली ) वा उल्लेखित प्रावधान विपरीत हुने गरि कार्य गर्न पाईने छैन ।

४. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, गाउँ सभा तथा कार्यपालिकाका निर्णयहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् । साथै नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

५. नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्री वितरण कार्य तोकिएको स्थान बाहेक अन्य स्थानहरुबाट गर्न पाईनेछैन् ।

६. अस्थायी ठेक्का चलानपूर्जी दिईने छैन । सम्झौता नगरि ठेक्का चलान गर्न पाईने छैन । समयमा सम्झौता नगरि ठेक्का चलानपूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन ।

७. कर, दस्तुर, शुल्क आदि तोकिएको संकलन केन्द्रमा उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

८. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।

९. शुल्क उठाउने आवश्यक रसिदहरु गाउँपालिकाबाट उपलब्ध गराउने र स्वीकृत गरिएको रसिदहरुमात्र प्रयोगमा ल्याउनुपर्ने अन्यथा प्रमाणित नगरिएको रसिदहरु प्रयोग गरिएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१०. ठेक्का सम्झौता अन्त्य भएपछि आन्तरिक राजस्व कार्यालयबाट जारी करचुक्ता प्रमाणपत्र पेश गरपछि मात्र ठेकेदारले पेश गरेको धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार, बागमती गाउँपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।

११. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम  र यसमा उल्लेखित नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा नेपाल सरकारद्धारा कुनै आदेश वा निर्णय भएमा सोही अनुसार हुनेछ ।

१२. ठेक्काको कर असुल गर्नुपर्ने दररेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपमा ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

१३. ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् विन्दु र संकलन केन्द्र तोकिएको स्थानमा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानबाट उत्खनन् गर्न पाईनेछैन । तोकिएको क्षेत्रबाट उत्खनन् तथा संकलन नगरेमा कानुन बमोजिम कारबाही हुनेछ ।

१४. आ.व. २०८१/०८२ को लागि तोकिएको नदीजन्य सामग्रीमा तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् वा निकासी गर्न रोक लगाईने छ । परिमाण पछि थपघट भएमा वा सो सम्बन्धी अन्य कुनै व्यवस्था भएमा भएमा सोही अनुसार हुनेछ । साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुनेछैन ।

१५. नदीबाट उत्खनन् गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरि गाउँ कार्यपालिकामा बुझाउनु पर्नेछ ।

१६. नदीबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाईनेछैन । अन्यथा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१७. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पुर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन गाउँ कार्यपालिकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाइएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ । सो बाट ठेकेदारलाई हानी नोक्शानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र सो को क्षतिपूर्ती दिन कार्यालय बाध्य हुनेछैन् ।

१८. नदीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरि ढुङ्गा, गिट्टी, बालुवा आदी संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

१९. निर्माण सामग्रीहरु उत्खनन गर्न नदीसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैंले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाईने छैन ।

२०. मुख्य मार्गबाट बोल्डर ग्राभेल बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनुपर्ने छ र वन क्षेत्र भएर जाने भए वन कार्यालय संग समन्वय गरी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।

२१. ठेकेदारले गाउँपालिकाबाट निर्धारण गरिएको दररेट बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र गाउँ कार्यपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाईने छैन ।यदि कुनै त्यस्तो अनाधिकृत रकम असुल गरेको वा

अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानवीन गर्दा देखिएमा कानुन बमोजिम कारबाही हुनेछ ।

२२. यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा माफी हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेक्का रोक्का वा बदर गर्ने निर्णय भएमा बाँकी अवधिको दामासाहीले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट शोधभर्ना भएमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ सभाको निर्णय अनुसार मिनाहा माफी दिन सकिने छ ।

२३. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि २०८२ जेष्ठ मसान्त सम्म बिहान ६:०० बजे देखि बेलुका ६:०० बजे सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।

२४. ठेकेदारले नियमानुसारको मूल्य अभिवृद्धि कर रकम उठाउन पाउनेछ ।

२५. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन/संकलन गर्दा एक्साभेटर डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाईने छैन तर विशेष परिस्थितिको सन्दर्भमा नदीजन्य पदार्थ गाउँपालिका, जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय बमोजिम हुनेछ ।

२६. चालु आर्थिक बर्षको तोकिएको अवधिभित्र उत्खनन गरेको निर्माण सामग्रीहरु २०८२ जेष्ठ मसान्त सम्म बिक्रि वितरण गर्दा पनि मौज्दात बाँकी रहि नदीकिनार तथा सार्वजनिक जग्गामा भण्डारण गरिएको नदीजन्य पदार्थ गाउँपालिकाद्वारा स्टक प्रमाणित नगराईकन विक्री वितरण गर्न पाउने छैन ।

२७. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि पूर्व अवस्थामा छोडनु पर्ने छ । नदीको धार बदलिने गरि उत्खनन गर्न पाईने छैन ।

२८. निर्माण सामग्री उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वंयले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

२९. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरि कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्ने छ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वंयको हुनेछ ।


३०. उत्खनन संकलन तथा बिक्री वितरणमा बालश्रमको प्रयोग गर्नु हुँदैन ।

३१. यस सूचना बमोजिम हुने ठेक्का सम्झौताको शर्तहरुमा तोकिए बमोजिम हुनेछ ।

३२. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण गर्नुपर्ने छ ।

३३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, गाउँ सभा तथा गाउँ कार्यपालिकाका निर्णयहरु र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

३४. ठेक्का सम्झौताको ढाँचा नेपाल सरकाद्धारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची-२ ख बमोजिम हुनेछ ।





श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
बागमती गाउँ कार्यपालिकाको कार्यालय,
झुरझुरे, मकवानपुर ।

बिषय : **बोलपत्र पेश गरेको ।**

महोदय,


सेवामा निवेदन यो छ की यस बागमती गाउँपालिकाको क्षेत्र भित्र रहेको ...............................खोलाबाट ढुङ्गा, गिट्टी एवं बालुवा आदी बिक्री तथा निकासीमा कर संकलन गर्न आ.व. २०८१/०८२ को लागि ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र अह्वान सम्बन्धी गाउँपालिकाको कार्यालयको मिति .............................. गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु...............................अक्षरुपी ......................................................... मा ठेक्का लिने मन्जुरी भएकोले धरौटी वापत रु ......................................... को बैंक भौचर यसै साथ संलग्न राखी बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन मान्य रहेको बोलपत्र दाखिला गरेको छु ।

<u>तपसिल</u>

| क्र.सं. | ठेक्काको नाम | ठेक्का नं. | अवधि | कबोल अंक (मू.अ. कर बाहेक) | अक्षरुपी | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |

<u>निवेदक</u>

फर्मको नाम — सम्पर्क नं.
प्रतिनिधी/प्रोपाईटरको नाम — ईमेल
ठेगाना — मिति
दस्तखत — फर्मको छाप







# ठेकेदारले भर्नु पर्ने (BOQ)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बागमती गाउँपालिका | | | | | | |
| गाउँ कार्यपालिकाको कार्यालय | | | | | | |
| झुरझुरे, मकवानपुर | | | | | | |
| बागमती प्रदेश, नेपाल | | | | | | |
| **कबोल पत्र** | | | | | | |
| बागमती गाउँपालिका अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् संकलन तथा विक्री गर्ने कार्य | | | | | | |
| ठेक्का नं : | **BRM/NCB/SRBM/IR/003/2081/082** | | | | | |
| क्र. सं. | कामको विवरण | अधिकतम विवरण (घन फिट) (I) | न्युनतम ठेक्का रकम (मु.अ. कर र आयकर बाहेक) | दर (प्रति घन फिट) (ii) | कबोल रकम मु.अ. कर र आयकर बाहेक | |
| | | | | | अंकमा (i)*(ii) | अक्षरमा |
| १ | बागमती गाउँपालिका अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् संकलन तथा विक्री गर्ने कार्य | १५४३१२४.६ | १०८०१८७२.५ | | | |
| | (क) | जम्मा: | | | | |
| | (ख) | मु.अ. कर १३%=ख (क*०.१३) | | | | |
| | | कुल जम्मा (क+ख) | | | | |
| | | कुल जम्मा रु.: | | | | |
| | | | | | | |
| | फर्मको नामः | | | | सहिछाप : | |
| | ठेगाना : | | | | | |
| | सम्पर्क फोन नं: | | | | | |

अनुसूची - २ ग
(दफा ४ को उपदफा (५) सँग सम्बन्धित _

**पट्टाको फाराम**

बागमती  गाउँपालिकाबाट श्री ..........को नाती...............को छोरा ............जिल्ला ............ गा.पा. वडा नं. ....... स्थायी घर भई हाल ..................गा.पा. वडा नं. ........मा बसोवास गर्दै आएका वर्ष ........को ..............ले कानून बमोजिम बागमती  गाउँपालिकाको तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस बागमती गाउँपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व. २०८१/०८२ को लागि रु. ...........।– (मू.अ.कर बाहेक) अक्षरेपि .............मात्रमा ठेक्का दिने गरी तपाईसङ्ग ठेक्का बन्दोवस्त गर्न मिति ............मा यस गाउँपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत गरिदिनु भएको हुँदा कबुलियत बमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र बागमती  गाउँपालिकालाई सम्पूर्ण किस्ता रकम रु. .........।–  वा प्रथम किस्ता वापतको रकम रु. ...... बुझाई मिति ........देखी मिति ........सम्म आ.व. २०८१/०८२ को लागि देहाय बमोजिमका श्रोतहरुबाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको सम्झौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसङ्ग भएको ठेक्का सम्झौता तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस गाउँपलिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैङ्क जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ। पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस बागमती  गाउँपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ।

अनुसूची-३

(दफा ४ को उपदफा(७) सङ्ग सम्बन्धित)

**पटके प्रवेश आदेश**

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदीको नामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मिति र समय :

प्रवेश आदेश नं.:

<u>नदी प्रवेश आदेश विवरण</u>

१. ढुवानी गरी लैजाने नाकाको नामः
   ठेगानाः

२. ढुवानी गरिने पदार्थको नामः नदि जन्य पदार्थ (क)ढुङ्गा (ख) गिट्टि (ग)बालुवा

३. ढुवानी गरी लैजाने साधनको नामः

४. निकाली लैजाने पदार्थको परीमाणः

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः
   (जुन प्रयोजनको लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

   क) निजी निर्माण

   ख) सार्वजनिक निर्माण


   ग) प्रशोधन पछि विक्री

   घ) अन्य (प्रयोजन खुलाउने......................................)

नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्ने र सञ्चय वा भण्डारण गर्न निषेध गरिएको छ।कही कतै त्यस्तो गरेको पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

प्रवेश आदेश दिने कर्मचरीको नाम, थरः

सहीः








ठेकेदार वा प्रतिनिधिको नाम, थरः


अनुसूची - ४ क
( उत्खनन कर्ताले राख्ने दैनिक उत्खनन अभिलेख )

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित )

खानी वा नदीबाट ढुगा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन, ओसारपोसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सर्न्दभमा उत्खनन स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख ।

नाका वा स्थान भएको खानी वा नदीको नाम :
उत्खनन् गरिएको नाका वा स्थानको नाम :

| क्र.स | उत्खनन् गरिएको मिित्त | उत्खनन् गरिएको परिमाण | उत्खनन्कर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमन कर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |





अनुसूची - ४ ख
दैनिक पटके बिक्रि ढुवानी अभिलेख तेरिज
( दफा ७ को उपदफा (६) सँग सम्बन्धित )

नदीजन्य तथा खानीजन्य ढुँगा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन, संकलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सर्न्दभमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक गरिने अभिलेख तेरिज

नदी वा खानीको नाम :
नाकाको नाम :
मिति :

| क्र.स | ढुवानी मिति | पटके बिक्रि आदेश नं | पटके बिक्रि भएको परिमाण | बिक्रि भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : यो फारम उत्खनन् स्थलबाट प्रत्येक पटके बिक्रि आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा ...............................गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

## अनुसूची-५

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

### .......... गाउँपालिका वा नगरपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| क सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्स्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परीमाण पालना भएको | | |
| ७ | मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दूरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दूरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक बिक्री ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागू भएको | | |
| १३ | रेखांकन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ्ग पोण्ड) को व्यवस्था गरेको | | |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुरफुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परीमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दूरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार पसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मूल्यको पालना | | |
| २३ | अन्य कुनै विषयहरु | | |